# Ghatsthapana Vidhi (घटस्थापना विधि) - Sanskrit books Blog

https://sanskritbooksblog.blogspot.com/2019/09/ghatsthapana-vidhi.html?m=1

**घटस्थापना गर्ने विधि**





लिपपोत गरी चोख्याइएको शुद्ध स्थानमा घटस्थापना गर्नुपर्छ। सुरुमा दीप–कलश–गणेश पूजन गरी माटो वा बालुवामाथि दुर्गा भवानीको आवाहन गर्न जौ, गहुँ आदि रोपण गरेर त्यसको बीच भागमा दुर्गा भवानीको घडा स्थापना गर्नुपर्छ। त्यसमा सपरिवार, सायुध, सशक्ति दुर्गा भवानीको स्थापना गर्ने विधान छ। थालीमा देवीयन्त्र वा अष्टदल लेखी दुर्गायन्त्र लेखेको थालीलाई घडामाथि राखेर त्यसमा सुनको, चाँदीको वा अन्य कुनै धातुनिर्मित देवीप्रतिमालाई प्राणप्रतिष्ठा गरी स्थापना गरेर आवरण पूजासहित दुर्गा भवानीको पूजा प्रारम्भ गर्नुपर्छ। यही विधिलाई घटस्थापना भनिन्छ। यसपछि सके दुर्गा भवानीको पाठ, जप, चण्डीपाठ गर्नु पर्छ । यो शक्तिको उपासना गर्ने विशेष अवसर भएकाले श्रीमद्देवी भागवतको अनुष्ठान पनि प्रारम्भ गर्न सकिन्छ। नवकन्यामध्ये प्रथम कन्याको पूजा, शैलपुत्री भगवतीको विशेष पूजा तथा दर्शनआदि गर्नु पर्छ ।

**पूजा विधी निम्नानुशार रहेको छ** :-

कृतनित्यकृयो प्रातः स्नानं कृत्वा शुद्धवस्त्रं परिधाय पूजास्थानमागत्य पवित्राऽसने उपविश्य पवित्रधारणं कृत्वा दीपं प्रज्ज्वल्य आचम्य कर्मपात्रं कुर्यात् तत्रादौ ।

**नेपाली**:- अथवा नित्य कर्महरूबाट निविर्त भएर आश्विन शुक्लपक्ष प्रतिपदाका दिन प्रातः कालमा शुद्ध वस्त्र धारण गरेर पूजा स्थानमा गएर शुद्ध आशनमा बस्ने र दियो बाली कुशको पवित्र धारण गर्ने, आचमनी र कर्मपात्र तयार पार्ने ।

**ॐ यद्देवा देवहेडनन्देवासश्चकृमा वयम् अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व गूं हसः यदि दिवा यदि नक्तमेना गूं सि चकृमा वयम्म । वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व गूं हसः । यदिजाग्रद्यदिस्वप्न ऐन गूं सि चकृमा वयम्म । सूर्यो मा तस्मादेनसो विश्वान्मुञ्चत्व गूं हसः ।**

भनी देवताको आवहन गर्ने ।

**ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वह: प्रसवऽउत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभि: ।**

**तस्य ते पवित्रपते पवित्रपूतस्य यत्कांम: पुने तच्छकेयम् ।।**

यति मन्त्रले कुशको पवित्र कर्मपात्रमा हाल्ने ।

**ॐ शन्नो देवीरभिष्टयाऽअपो भवन्तु पीतये । शंयोरभिस्रवन्तु न: । भनेर कर्मपात्रमा जल हाल्ने । ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टाङ्करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोअपह्वये श्रियम् ।**

भनेर चन्दन चढौने । त्यसपछि

**ॐ अक्षन्नमीमदन्त ह्यव प्रिया अधूषत । अस्तोषत स्वभावनवो विप्रा नेविष्ठयामतीयोजान्विन्द्र ते हरी ।**

भनेर कर्मपात्रमा अक्षता चढाउने इति । त्यसपछि

**ॐ यवोसि यवयास्मद् द्वेषो यवयारातीर्दिवे त्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा । शुन्धन्ताँल्लोका: पितृषदना: पितृषदनमसि ।** यति मन्त्र भनेर कर्मपात्रमा यवान हाल्ने ।

**ॐ तिलोसि सोमदैवत्यो गोसवो देवनिर्मित: । प्रत्क्नमद्भि: पृक्त: स्वधया पितृँल्लोकान् प्रिणाहिन: ।**

यति मन्त्रले कर्मपत्रमा तिल हाल्ने । त्यसपछि

**ॐ श्रीश्च ते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रुपमश्विनौ व्यात्तम् इष्णन्निषाणामुम्म इषाण सर्वलोकम्म इषाण ।**

भनेर पुष्प चढाउने ।

**ॐ हिरण्यगर्भ: समवर्तताग्रे भूतस्य जात: पतिरेकऽआसीत् । स दधार पृथिवीं द्यामुते माङ्कस्मै देवाय हविषा विधेम ।**

यति भनेर हिरण्य (सुन, चाँदी आदी द्रव्य) चढाउने । अब यो सबै मिलाएर तयार भएको द्रव्यहरूलाई

**ॐ अपवित्र: पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।**

**य: स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यान्तर: शुचि: ।।**

**ॐ पुण्डरीकाक्ष: पुनातु ।**

भनेर कुशको टुक्रा चोपेर आफ्नो शरिरमा छर्कने र संकल्प सहित तल दिइएका विधी र क्रमानुशार पूजा गर्ने नियम रहेको छ ।

**संकल्पं गर्ने**

हिन्दू धर्ममा कुनै पनि धार्मिक कार्य गर्दा कर्ताले वेद मन्त्रोचारण सहित संकल्क गरिन्छ । कर्ताले हातमा तिन टुक्रा कुश समातेर दृढ मनले संकल्प गर्नु पर्छ । प्रायः सबै कर्ममा प्रयोग गरिने संकल्प मन्त्रका सुरुवाती शब्दहरू एकै प्रकारका हुन्छन् । संकल्पको अन्तमा कर्ताले म यो फलानो कार्य गर्दै छु भनेर गर्न

थालेको कर्मको नाम लिइन्छ । दुर्गा भवानीको पूजामा

**ॐ तत्सत् ३ ॐ विष्णु: ३ देशकालौ संस्मृत्य मम पुत्रपौत्राद्यनेक विधधनधान्यादिनानासुखभोगानन्तरं सकलदुरितक्षयसर्वारिष्ट शान्ति पूर्वकथयोक्तफल प्राप्त्यर्थं श्रीपरमेश्वर प्रीत्यर्थं सत्यपुरवासकायनया यथा मिलितोपचारै: दीपकलशगणेशदेवतापूजनपूर्वकं दुर्गाभवानीपूजनं घटस्थापनं च करिष्ये ।**

भनेर कर्ताले संकल्प गर्नु पर्छ ।

**दीपपूजा गर्ने**

**ॐ पृष्टोदिवि ........**

**ॐ नमोऽस्त्वनन्ताय.......**

इति मन्त्रेण च दीपं सम्पूज्य

**ॐ नम: कमलनाभाय.....**

इत्यादि मन्त्रेण दीपं प्रार्थयेत् ।

**<u>कलशपूजा</u>**

**मुख्य कलशस्थापना गर्ने**

तत: कलशस्थापनविधिना कलशं संस्थाप्य, वरुणमावाह्य गन्धादिभि: सम्पूज्य देवदानवसंवादे इत्यादि मन्त्रै: प्रार्थयेत् ।

मध्ये शुद्धमृत्तिकोपरि कलशं संस्थाप्य पूर्वोक्तकलशपूजाविधिना कलशं सम्पूज्य ततस्ताम्रस्थाल्यामष्टदलं विलिख्य कलशोपरि स्थापयेत् ।

**नेपाली:**- माटो वा बालुवामाथि दुर्गा भवानीको आवाहन गर्न जौ, गहुँ आदि रोपण गरेर त्यसको बीच भागमा दुर्गा भवानीको घडा स्थापना गर्नुपर्छ। त्यसमा सपरिवार, सायुध, सशक्ति दुर्गा भवानीको स्थापना गर्ने विधान छ। कलश स्थापना गर्ने विधिले कलश स्थापना गर्ने र वरुण को आवाहान गरेर चन्दन अक्षता ले पूजन गर्ने ।

**<u>गणेशपूजा गर्ने</u>**

**गणेश स्थापना गर्ने र**

ततो गणनान्त्वा इति मन्त्रेण गणेशमावाह्य गन्धादिषोडशोपचारै: सम्पूज्य वक्रतुण्ड महाकाय इत्यादिना प्रार्थयेत् ।

**नेपाली**:- गणेश को आवाहान गर्ने चन्दन आदिले  षोडशोपचार पूजा गर्ने र
**कलशको माथील्लो भागमा पनि गणेशआदि पाञ्चायन देवताको पूजा गर्ने**
**ॐ गणपत्यादि पंचायतनेभ्यो नमः** इत्यादि **वनस्पत्यन्तदेवताभ्यो नाममन्त्रैः पूजयेत ।**

**नेपाली**:-  बीचमा कलशमा ताबा थालीमा अष्टदल लेखेर कलश माथि राख्ने।
र त्यस माथि माता भवानीको प्रतिमा राखेर ]

**दुर्गा देवीको ध्यान गर्ने**
**पूजनीया जनैर्देवी स्थाने स्थाने पुरे पुरे।**
**गृहे गृहे शक्तिपरैर्ग्रामे ग्रामे वने वने।।**
**स्नातैः प्रमुदितैर्हृष्टैर्ब्राह्मणैः क्षत्रियैः नृपैः।**
**वैश्यैः शूद्रैर्भक्तियुक्तैर्म्लेच्छैरन्त्यैश्च मानवैः।।**

नवरात्रमा सबै मानवले देवीको पूजा गर्न सक्छन् र सबैले गर्नुपर्दछ। नवरात्रको पूजापाठ नित्य भएकाले नगर्दा दोष लाग्छ भने गर्दा विशेष फलप्राप्ति हुन्छ। नित्यकर्म जस्तै नियमित पूजापाठ गर्नुपर्छ। कुनै तिथि क्षय भएको भए कुनै दिन दोहोर्याएर उक्त तिथिको पूजासमेत पूरा गर्नुपर्छ।

**दुर्गाको षोडशोपचार पूजाविधि**

प्रथमत:
**प्राणप्रतिष्ठा गर्ने**
**आगच्छ वरदे देवि ! दैत्यदर्प निषूदिनी ।**
**पूजां गृहाण सुमुखि ! नमस्ते शंकरप्रिये ।।**
**सर्वतीर्थमयं वारि सर्वदेव समन्वितम् ।**
**इमं घटं समागच्छ तिष्ठ देवगणैः सह ।।**

**ॐ मनोजूति** ...... इति मन्त्रीी

**ध्यानं समर्पयामि, सपरिवारयुतायै साङ्गायै दुर्गादिव्यै नमः।**

<u>दुर्गाका चारैतिर रहने देवताहरूको पूजा</u>
बीचमा सिंहासनको पूजा गरी ईशानबाट क्रमश: पूजा गर्ने

ॐ विष्णवे नमः। ॐ शिवाय नमः। ॐ विनायकाय नमः। ॐ सूर्याय नमः। दुर्गा देव्याः सर्वेभ्यो परिवारेभ्यो नमः।

(वैदिक मन्त्र, तान्त्रिक मन्त्र, दुवै मन्त्र मिलाएर वा नाम मन्त्रले मात्र पनि देवीको पूजा गर्न सकिने भएकाले अब नाममन्त्रद्वारा पूजा विधि प्रदर्शन गरिएको छ।)

१. आसनं समर्पयामि, दुर्गादिव्यै नमः।
(आसनका लागि देवीलाई कुश तथा फूल चढाउने)
२. पाद्यं समर्पयामि, दुर्गादिव्यै नमः।
३. अर्घ्यं समर्पयामि, दुर्गादिव्यै नमः।
४. आचमनीयं समर्पयामि, दुर्गादिव्यै नमः।
५. स्नानीयं समर्पयामि, दुर्गादिव्यै नमः।
६. पञ्चामृतस्नानं समर्पयामि, दुर्गादिव्यै नमः।
७. शुद्धोदकस्नानं समर्पयामि, दुर्गादिव्यै नमः।
८. वस्त्रं, यज्ञोपवीतं उपवस्त्रं च समर्पयामि, दुर्गादिव्यै नमः।
९. श्रीखण्डादि चन्दनं समर्पयामि, दुर्गादिव्यै नमः।
१० अक्षतान् समर्पयामि, दुर्गादिव्यै नमः।
११ पुष्पं, पुष्पमालां, सौभाग्यद्रव्याणि समर्पयामि, दुर्गादिव्यै नमः।
(सिन्दुर, गाजल, टीका, मंगलसूत्र आदि सबै चढाउने र आवरण पूजा पनि यहीं गर्नुपर्दछ।)

१२ धूपं अाघ्रापयामि, दीपं च दर्शयामि, दुर्गादेव्यै नमः।
१३ नानाविधानि नैवेद्यानि, फलानि च समर्पयामि, दुर्गादेव्यै नमः। अाचमनीयं च समर्पयामि, दुर्गादेव्यै नमः।
१४ ताम्बूलं समर्पयामि, दुर्गादेव्यै नमः। सुगन्धिद्रव्यं च समर्पयामि, दुर्गादेव्यै नमः।
१५ न्यूनतातिरिक्तये द्रव्यदक्षिणां समर्पयामि, दुर्गादेव्यै नमः।
१६ अारार्तिक्यं, पुष्पाञ्जलीं, प्रदाक्षिणां, क्षमापनं च समर्पयामि, दुर्गादेव्यै नमः।
अनेन यधा उपलब्धवस्तुद्वारा पूजनेन दुर्गादेवी प्रियताम् न मम।

(षोडशोपचार पूजा दैनिक रूपमा गर्नुपर्छ। चण्डीपाठ गर्ने भए ब्राह्मणवरण, पुण्याहवाचन अादि गरेर पुस्तकको पूजा गरी पाठ गर्नुपर्दछ।)
नवरात्रको छैटौं दिन साँझमा वेलको फेदमा गएर वेलको पूजा गरी वेललाई निमन्त्रण गरिन्छ । यो कृत्य सायङ्कालमा गर्नुपर्दछ। सप्तमीका दिन पूजनादि गरी वेलपत्र टिपेर ल्याउनुपर्छ भने धेरै प्रकारका फूलहरू, फलहरू एवं नवपत्रिका ल्याएर घर या पूजाघरको मुख्य द्वारमा राखी हर्षबढाइँका साथ फूलपाती भित्र्याइन्छ। नेपालको राष्ट्रिय सन्दर्भमा यो फूलपाती भित्र्याउने कार्यलाई निकै महत्वका साथ हेरिन्छ। यसै दिन गोरखा दरबारबाट काठमाडौंको हनुमान ढोकाको पूजाघरसम्म फूलपाती ल्याई राजकीय सम्मानका साथ भित्र्याइन्छ भने नाच गान एवं हर्षोल्लासका साथ प्रत्येक नेपालीको घरमा पनि फूलपाती भित्र्याइन्छ।